२०७४ साल असार २९ गते बिहिबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय—राष्ट्रपति कार्यालयका सचिव श्री भुपेन्द्र प्रसाद पौडेलको नेतृत्वमा सम्माननीय राष्ट्रपतिज्यूको स्वकीय सचिव श्री जीवछ साह समेत सात सदस्यीय प्रतिनिधि मण्डलको चीन भ्रमण कार्यक्रम स्वीकृत गर्ने ।

२. अर्थ मन्त्रालय— Asia Pacific Group on Anti Money Laundering (APG) सँग समन्वय गरी आगामी सन् २०१८ वा सन् २०१९ को APG को वार्षिक बैठक नेपालमा आयोजना गर्ने।

३. अर्थ मन्त्रालय—विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयन गर्न जापान सरकारले प्रदान गर्ने जापानी येन ३०० मिलियन (करिव रु. अनुदान सहायता स्वीकार ग (लाख 47 करोड 27र्ने ।

४. अर्थ मन्त्रालय—नेपाल राष्ट्र बैंकको पुँजी वृद्धिका लागि आवश्यक थप रकम रू. दुई अर्ब नेपाल राष्ट्र बैंकको साधारण जगेडा कोषको रकमबाट प्रयोग गर्न स्वीकृति प्रदान गर्ने ।

५. अर्थ मन्त्रालय—फिनल्याण्ड सरकारले नेपाल सरकारलाई प्रदान गर्ने युरो .करिव रु) मिलियन 20२ अर्व वराबरको अनुदान सहायता (करोड 36स्वीकार गर्ने ।

६. युवा तथा खेलकुद मन्त्रालय —तेश्रो सिनियर पुरूष भलिबल च्याम्पीयनसीप प्रतियोगितामा पहिलो पटक अन्तराष्ट्रिय पदक (कास्य पदक) दिलाउन सफल १२ जना खेलाडी तथा ३ जना प्रशिक्षक/टिम व्यवस्थापक गरी १५ जनालाई जनही रू. १ लाखका दरले नगद सहित पुरस्कृत गर्ने ।

७. रक्षा मन्त्रालय —सहायक रथी कर्मेन्द्र विक्रम लिम्बु समेत ३ जना सहायक रथीहरुलाई उपरथी दर्जामा पदोन्नति गर्ने ।

८. रक्षा मन्त्रालय —महासेनानी सुरेश कुमार बानियाको पदावधि थप गर्ने ।

९. रक्षा मन्त्रालय —प्राड महासेनानी राजेश्वर भट्टराईलाई प्राड सहायक रथी दर्जामा पदोन्नति गर्ने ।

१०. रक्षा मन्त्रालय —प्रमुख सेनानी रामचन्द्र के.सी. समेत जना प्रमुख सेनानीहरुलाई महा सेनानी दर्जामा 6 पदोन्नतिगर्ने ।

११. रक्षा मन्त्रालय —महासेनानी प्रेम शाही समेत ३१ जना महासेनानीहरुलाई सरुवा गर्ने ।

१२. रक्षा मन्त्रालय —लेखा प्रमुख सेनानी गणेश सिंह भण्डारीलाई लेखा महासेनानी दर्जामा पदोन्नति गर्ने ।

१३. रक्षा मन्त्रालय —नेपाली सेनाका सहायक रथी विनोद पाण्डे समेत ६ जनालाई सैनिक सहचारी पदमा नियुक्त गर्ने।

१४. शान्ति तथा पुनर्निर्माण मन्त्रालय — द्वन्द्वका कारण विस्थापित व्यक्ति तथा परवारलाई राहत सुविधा प्रदान गर्ने (दोस्रो संशोधन) निर्देशिका ,२०७४ स्वीकृत गर्ने ।

१५. शिक्षा मन्त्रालय—एशिया प्रशान्त क्षेत्रीय प्रारम्भिक बालबिकास सञ्जालको सम्मेलन विषयको प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१६. सहरी विकास मन्त्रालय —स्थानीय तहमा एकीकृत आवास तथा सहरी विकास योजना तयार गरी कार्यान्वयन गर्ने ।

१७. सूचना तथा सञ्चार मन्त्रालय—नेपाल र भारत सरकार बीच भएको सार्क स्याटेलाईट सम्बन्धी द्विपक्षीय सम्झौतामा संशोधन गर्ने ।

१८. सूचना तथा सञ्चार मन्त्रालय— भुटानमा आयोजना हुने Measures for Actionable Policy Recommendations for Women Entrepreneurship in SAARC Region मा भाग राष्ट्रिय सूचना आयोगका सचिवलाई सहभागी हुन स्वीकृति दिने।

१९. नेपाल सरकारको मुख्यसचिव पदमा निजामती सेवा ऐन, २०४९ को दफा १९ को उपदफा (२) को खण्ड (क) बमोजिम राजपत्राङ्कित विशिष्ट श्रेणीका सचिव श्री राजेन्द्रकिशोर क्षेत्रीलाई बढुवा गर्ने ।

२०. राष्ट्रिय सतर्कता केन्द्रका प्रमुख अधिकृत श्री धनबहादुर तामाङले मिति 2074।3।28 देखि अनिवार्य अवकास प्राप्त गर्नु भएकोले उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।

२०७४ साल असार २६ गते सोमबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

२१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— सम्माननीय प्रधानमन्त्रीज्यूको परराष्ट्र सल्लाहकारमा बल्कोट-४, अर्घाखाँची निवासी डा. दिनेश भट्टराईलाई नियुक्त गर्ने।

२२. गृह मन्त्रालय— सप्तरी जिल्लाका बाढी तथा डुवान पीडितलाई थप राहत एवं सहुलियत दरमा ऋण उपलब्ध गराउने ।

२३. गृह मन्त्रालय— प्रदेश सभा सदस्यको निर्वाचन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई व्यवस्थापिका संसद्समक्ष पेश गर्ने।

२४. गृह मन्त्रालय— प्रतिनिधि सभा सदस्यको निर्वाचन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई व्यवस्थापिका संसद्समक्ष पेश गर्ने।

२५. गृह मन्त्रालय— श्रींलकाको राजधानी कोलम्बोमा सञ्चालन हुने Eighth Meeting of SAARC Ministers of Interior/Home preceded by Eights Meetings of Interior/Home Secretaries and Eighth Meeting of SAARC Immigration Authorities मा माननीय गृहमन्त्री श्री जनार्दन शर्मा र गृह सचिव श्री लोकदर्शन रेग्मी लगायत संलग्न प्रतिनिधिमण्डललाई सहभागी हुन स्वीकृति दिने .

२६. गृह मन्त्रालय— प्रहरी अतिरिक्त महानिरीक्षक पदको बढीमा एघार दरबन्दी कायम गर्ने।

२७. रक्षा मन्त्रालय— सहायक रथी विश्वनाथ घिमिरे समेत ३ (तीन) जना सहायक रथीहरुको पदावधि थप गर्ने ।

२८. रक्षा मन्त्रालय— महासेनानी सुरज बाबा सुनुवारको पदावधि थप गर्ने ।

२९. रक्षा मन्त्रालय— सहायक रथी कमलेश बहादुर सिंह समेत २४ जना सहायक रथीहरुलाई सरुवा गर्ने ।

३०. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७३/११/१७ को निर्णयानुसार नेपाल सरकारका मुख्यसचिव डा. सोमलाल सुवेदी एसियाली विकास बैंकको वैकल्पिक कार्यकारी निर्देशक पदमा नियुक्त भई मिति २०७४/३/२८ देखि त्यसतर्फ जानु हुने भएकोले उहाँले नेपाल सरकारको मुख्यसचिवको ओहदामा रही पु-याउनु भएको योगदानका लागि धन्यवाद दिँदै उहाँको नयाँ जिम्मेवारीको सफलताको शुभकामना दिने।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।

२०७४ साल साल असार २२ गते बिहिबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— न्यूयोर्कमा आयोजना हुने The High-level Political Forum on Sustainable Development विषयक कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठको नेतृत्वमा प्रतिनिधिमण्डलको सहभागिताका लागि स्वीकृति प्रदान गर्ने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— थाईल्याण्डको अवलोकन भ्रमण कार्यक्रममा राष्ट्रिय योजना आयोगका मा. सदस्य डा. चन्द्रकान्त पौडेललाई भाग लिन स्वीकृति दिने ।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— संघीयता कार्यान्वयन तथा प्रशासन पुनःसंरचना सम्बन्धमा अष्ट्रेलियाको अध्ययन भ्रमणमा सचिव द्वय श्री गोपीनाथ मैनाली र श्री राजीव गौतम समेतको अध्ययन भ्रमण कार्यक्रमलाई स्वीकृति दिने ।

४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— न्यूयोर्कमा आयोजना हुने The High-level Political Forum on Sustainable Development (HLPF) कार्यक्रममा नेपाल सरकारलाई कुनै किसिमको आर्थिक दायित्व नपर्ने गरी राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. स्वर्णिम वाग्लेलाई भाग लिन स्वीकृति दिने ।

५. अर्थ मन्त्रालय— ADDIS TAX INITIATIVE(ATI) DECLARATION मा हस्ताक्षर गर्न नेपाल सरकार इच्छुक रहेको जानकारी (Letter of Intent), International Tax Compact Initiative (ITC)Secretariat, बोन(जर्मनी) लाई पठाउने र नेपालको तर्फबाट Addis Tax Initiative(ATI) को Focal Point को रुपमा अर्थ मन्त्रालय,राजस्व व्यवस्थापन महाशाखाका प्रमुखलाइ तोक्ने।

६. अर्थ मन्त्रालय— महालेखापरीक्षक श्री टंकमणि शर्मा (दंगाल) लाई संयुक्त राष्ट्र संघ मुख्यालय न्यूयोर्कमा सम्पन्न हुने "Auditing Preparedness for the Implementation of the Sustainable Development Goals" बैठकमा सहभागी हुन स्वीकृति दिने ।

७. अर्थ मन्त्रालय— महालेखा नियन्त्रक श्री राजेन्द्र प्रसाद नेपालको नेतृत्वमा देहायका प्रतिनिधिमण्डललाई दक्षिण अफ्रिकाको भ्रमणका लागि स्वीकृति दिने ।

८. उद्योग मन्त्रालय— "Memorandum of Understanding on Cooperation between the Ministry of Industry of the Government of Nepal and the State Administration for industry and Commerce of the People's Republic of China in the Field of Registration of Industrial Entities" मा नेपाल सरकारको तर्फबाट उद्योग मन्त्रालयका सचिवलाई हस्ताक्षर गर्न स्वीकृति प्रदान गर्ने |

९. ऊर्जा मन्त्रालय— बुढीगण्डकी जलविद्युत आयोजनाको वातावरण, मुआब्जा वितरण, पुनर्वास तथा पुनर्स्थापना इकाइ (पहिलो संशोधन) कार्यविधि, २०७४ स्वीकृत गर्ने ।

१०. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय— न्याय सेवा आयोगको सिफारिस बमोजिम नेपाल न्याय सेवाको विशिष्ट श्रेणीको सचिव पदमा देहाय बमोजिम सरुवा गर्नेः

(क) सर्वोच्च अदालतका रजिष्ट्रार श्री नृपध्वज निरौलालाई वेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको सचिव पदमा ।

(ख) वेपत्ता पारिएका व्यक्तिको छानविन आयोगका सचिव श्री राजनप्रसाद भट्टराइलाई न्याय परिषदको सचिव पदमा ।

११. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय— श्रीलंकाको कानून निर्माण प्रक्रियाका अनुभव आदान प्रदान गर्ने कार्यक्रममा नेपाल कानून आयोगका का.मु. सचिव श्री चिरन्जीवी खनालको नेतृत्वको टोलीलाई सहभागी हुन स्वीकृति दिने।

१२. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय— श्री नहकुल सुबेदीलाई नेपाल न्याय सेवाको राजपत्रांकित विशिष्ट श्रेणीको सर्वोच्च अदालतको मुख्य रजिष्ट्रार पदमा बढुवा नियुक्ति गरी पदस्थापन गर्ने।

१३. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय— नेपाल न्याय सेवाको राजपत्रांकित प्रथम श्रेणीको पदमा श्री धर्मराज कुंइकेलसमेतलाई बढुवा नियुक्ति एवं पदस्थापन गर्ने ।

१४. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय— न्याय सेवा आयोगको सिफारिस बमोजिम नेपाल न्याय सेवाका राजपत्रांकित प्रथम श्रेणीका अधिकृतहरुलाई सरुवा गर्ने ।

१५. कृषि विकास मन्त्रालय— 40th Session of the FAO Conference मा सचिव डा. सुरोज पोखरेलको नेतृत्वको टोलीलाई सहभागी हुन स्वीकृति दिने ।

१६. कृषि विकास मन्त्रालय—Higher Level Exposure Visit Porgram on Value Chain of Selected Agricultural & Livestock Products कार्यक्रममा सचिव डा. सुरोज पोखरेललाई प्रतिनिधिमण्डलको नेतृत्व गरी Indonesia, Malaysia/Myanmar मा भ्रमण गर्न स्वीकृति दिने ।

१७. खानेपानी तथा सरसफाई मन्त्रालय— Australia को Brisbane मा हुने कार्यक्रममा खानेपानी तथा सरसफाइ मन्त्रालयका सचिव श्री भीमप्रसाद उपाध्यायलाई नेपाल सरकारलाई आर्थिक व्यभार नपर्ने गरी सहभागी हुन स्वीकृति दिने ।

१८. गृह मन्त्रालय— गैरकानूनी रुपमा लामो समयसम्म नेपालमा बसिरहेका (UNHCR बाट नामांकन भएको) ४० जना विदेशी नागरिकहरुको १० मार्च २०१७ सम्मको भिसा र विलम्ब शुल्क अमेरिकी डलर २,०१,५७०/- मिनाहा गर्ने ।

१९. गृह मन्त्रालय— प्रजातन्त्र सेनानी रामहरी जोशीको उपचार गर्दा लागेको खर्च नेपाल सरकारले व्यहोर्ने र देहाय व्यक्तिहरूलाई निम्न अनुसारको सहायता उपलव्ध गराउने —

(क) माननीय रामेश्वरप्रसाद ढुंगेल, भक्तपुर — ४ लाख रुपैयाँ ।

(ख) बुद्धीकुमारी पाण्डे, आनन्दवन-६, रूपन्देही — ५ लाख रुपैयाँ ।

(ग) विनोदकुमार गुरूङ्ग, सिरथौली-९, सिन्धुली — ३ लाख रुपैयाँ ।

(घ) दुर्गादेवी खड्का, रामेछाप — ३ लाख रुपैयाँ ।

(ङ) लक्ष्मी दर्जी, रूकु, कालिकोट — ३ लाख रुपैयाँ ।

(च) गंगाराम नकाल, सानोपेटी-३ रूकुम — ३ लाख रुपैयाँ ।

(छ) सुमन नकाल, सानोपेटी-३ रूकुम — ३ लाख रुपैयाँ ।

२०. परराष्ट्र मन्त्रालय— नेपाली राजदूतावास (अष्ट्रेलिया र मलेसिया) मा विकास कूटनीति सम्बन्धी कार्यक्रमहरुको अनुगमनमा जान परराष्ट्र मन्त्रालयका सचिवलाई स्वीकृति प्रदान गर्ने ।

२१. परराष्ट्र मन्त्रालय—नेपाल र अष्ट्रेलिया सरकारका परराष्ट्र मन्त्रालयवीच द्विपक्षीय परामर्श संयन्त्र (Bilateral Consultation Mechanism) स्थापना गर्ने ।

२२. परराष्ट्र मन्त्रालय—माननीय उपप्रधानमन्त्री तथा परराष्ट्र मन्त्री श्री कृष्ण बहादुर महराको भारत भ्रमण समर्थन गर्ने ।

२३. परराष्ट्र मन्त्रालय— सम्माननीय उप-राष्ट्रपति श्री नन्द बहादुर पुन "पासाङ्ग"को मित्रराष्ट्र चीनको औपचारिक भ्रमण समर्थन गर्ने ।

२४. युवा तथा खेलकुद मन्त्रालय— नेपाल सरकार र बुल्गेरिया सरकारका बीच दुई देशका युवाको विकासका लागि सहकार्य, सहयोग र समन्वय गर्दै युवा अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन गर्नका लागि तयार पारिएको प्रस्तावित समझदारी पत्रमा हस्ताक्षर गर्न स्वीकृति दिने।

२५. रक्षा मन्त्रालय— लेखा महासेनानी ध्रुब राज खत्रीलाई लेखा सहायक रथी दर्जामा पदोन्नति गरी पदस्थापन गर्ने ।

२६. वाणिज्य मन्त्रालय— स्वीट्जरल्याण्डको जेनेभामा आयोजना हुने व्यापारको लागि सहायताको छैठौं समिक्षा बैठकमा सहभागी हुन सचिवलाई स्वीकृति दिने।

२७. शिक्षा मन्त्रालय— अष्ट्रेलियामा हुने उच्चस्तरीय भ्रमण कार्यक्रममा सहभागी हुन माननीय उपप्रधान एवं शिक्षामन्त्रीको भ्रमण खर्च नेपाल सरकारले व्यहोर्ने र प्रतिनिधिमण्डलका अन्य सदस्यहरूको हकमा स्वीकृत वार्षिक कार्यक्रमबाट खर्च व्यहोर्ने गरी स्वीकृति दिने ।

२८. शिक्षा मन्त्रालय— विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी (दोश्रो संशोधन) निर्देशिका, २०७४ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

२९. श्रम तथा रोजगार मन्त्रालय— अन्तर्राष्ट्रिय श्रम संगठनको Governing Body मा नेपाल सरकारको तर्फबाट Deputy Member को रुपमा बोर्ड बैठकमा भाग लिन श्रम तथा रोजगार मन्त्रालयका सचिवलाई तोक्ने।

३०. श्रम तथा रोजगार मन्त्रालय— फिलिपिन्समा हुने श्रम आप्रवासन सम्वन्धी अध्ययन भ्रमण कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. कृपा सिन्धु प्रसाद र सचिव श्री लक्ष्मण प्रसाद मैनाली लाई सहभागी हुन स्वीकृती दिने ।

३१. श्रम तथा रोजगार मन्त्रालय— कोलम्बो प्रोसेस (Colombo Process) को वार्षिक योगदान (Annual Contribution) शुल्क जम्मा गर्ने ।

३२. सामान्य प्रशासन मन्त्रालय— संघीयता सम्बन्धी अध्ययन भ्रमणमा सचिवलाई सहभागी हुन स्वीकृति दिने।

३३. सामान्य प्रशासन मन्त्रालय— लेखापाल श्री गिरीराज शर्मा सुवेदीको श्रीमती टिका सुवेदीलाई क्यान्सर रोग भएकोले उपचार खर्च रू. ५,००,०००/- थप आर्थिक सहायता दिने ।

३४. सामान्य प्रशासन मन्त्रालय— नेपाल प्रशासन सेवा राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव श्री महेश्वर न्यौपानेलाई सचिव पदमा कायम मुकायम गर्ने ।

३५. सिंचाइ मन्त्रालय— "Sustainable Irrigation With Emphasis On Mountain Irrigation System" विषयक अध्ययन भ्रमणमा नेपाल सरकारलाई आर्थिक व्ययभार नपर्ने गरी सचिव रामानन्द प्रसाद यादव समेतको प्रतिनिधिमण्डललाई सहभागी हुन स्वीकृति दिने ।

३६. सूचना तथा सञ्चार मन्त्रालय— वंगलादेशका प्रमुख सूचना आयुक्तको नेतृत्वमा नेपाल भ्रमणको निमन्त्रणा पठाउने सैद्धान्तिक सहमति दिने ।

३७. निजामती सेवा ऐन२०४९ को दफा १ ,९ को उपदफा (२) बमोजिम गठित समितिको सिफारिसमा नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृत श्री महेन्द्रप्रसाद गुरागाईलाई

राजपत्राङ्कित विशिष्ट श्रेणीमा बढुवा गरी क्षेत्रीय प्रशासक, मध्यपश्चिमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय, सुर्खेतमा पदस्थापन गर्ने ।

३८. महालेखा परीक्षक कार्यालयका उप महालेखापरीक्षक श्री सुकदेव भट्टराई खत्रीले मिति २०७४/२/२४ गते दिनु भएको राजिनामा स्वीकृत गर्ने ।

३९. सम्माननीय राष्ट्रपतिज्यूको भारत भ्रमणको पूर्व तयारीको लागि राष्ट्रपतिज्यूको सञ्चार विज्ञ माधव शर्माले मिति २०७४/१/३ देखि २०७४/१/६ सम्म गर्नुभएको भारत भ्रमण समर्थन गर्ने ।

४०. सुर्खेत महिला जेसीस, बीरेन्द्रनगरलाई पन्ध्र लाख रूपैयाँ अनुदान उपलब्ध गराउने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।

२०७४ साल असार ८ गते बिहिबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— सार्वजनिक खरिद अनुगमन कार्यालयका सचिवको थाइल्याण्डमा भ्रमण स्वीकृत गर्ने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— पोल्याण्डमा हुने कार्यक्रममा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका सचिवको सहभागिता स्वीकृत गर्ने।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— International Trading Course on Office Management for Effective Investigation and Public Grievance Service विषयक कार्यक्रममा सहभागी हुन अख्तिया दुरुपयोग अनुसन्धान आयोगका माननीय आयुक्त डा. सावित्री थापा गुरुङलाई स्वीकृती दिने ।

४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— लोक सेवा आयोगका माननीय सदस्यहरुको संशोधित क्यानडा भ्रमण स्वीकृत गर्ने ।

५. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय—कार्यालयको संस्थागत सुदृढीकरण र कर्मचारीहरुको क्षमता विकासका लागि विश्वका विभिन्न मुलुकहरुमा भएका असल अभ्यासहरु (Good Practices) को अध्ययन गर्नका लागि म्यानमारको भ्रमण गर्ने कार्यक्रम अनुसार नेतृत्व कर्ताको रुपमा यस कार्यालयका सचिव श्री राम कुमार आचार्यलाई मनोनयन गर्ने ।

६. अर्थ मन्त्रालय— एशियाली विकास बैंकवाट ऋण सहायता लिने सम्बन्धमा वार्ता टोली गठन गरी अख्तियारी दिने ।

७. अर्थ मन्त्रालय— अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन ,२०४८ को दफा एवं निजामती सेवा 17 ,ऐन२०४९ को दफा) को उपदफा 64४) बमोजिम आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्मालाई निलम्बन गर्ने ।

८. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय— उच्च अदालत पाटन, हेटौंडा इजलासका माननीय न्यायाधीश श्री बाबुराम रेग्मीलाई विशेष अदालतको सदस्यमा तोक्ने ।

९. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय— संयुक्त राष्ट्रसंघ मुख्यालय न्यूयोर्कमा संचालन हुने General Assembly resolution 69/292 अन्तर्गत चौथौ सत्रमा नेपालको तर्फबाट सहभागिताको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव श्री कमलशाली घिमिरेको नेतृत्वमा सोही मन्त्रालयका सहसचिव श्री डिल्लीराज घिमिरे सम्मिलित दुई सदस्यीय प्रतिनिधिमण्डलको भ्रमण स्वीकृत गर्ने ।

१०. कृषि विकास मन्त्रालय— Higher Level Study Visit to UN-World Meteorological Organisation (WMO) Geneva कार्यक्रममा प्रतिनिधिमण्डको नेतृत्व गरी कृषि विकास मन्त्रालयका सचिव डा. सुरोज पोखरेल सहभागी हुन स्वीकृति दिने ।

११. गृह मन्त्रालय— म्यादी प्रहरीको म्याद थप गर्ने ।

१२. गृह मन्त्रालय— राष्ट्रिय परिचयपत्रको ग्राफिकल लेआउट सहितको ढाँचा स्वीकृत गर्ने ।

१३. गृह मन्त्रालय— मिति २०७४।०३।१४ गते बुधवारका दिन स्थानीय तहको दोस्रो चरणको निर्वाचन सम्पन्न हुने प्रदेश नं.१, ५ र ७ अन्तर्गत पर्ने ३५ जिल्लाका सबै सरकारी कार्यालयहरु, अर्धसरकारी कार्यालयहरु र सार्वजनिक संस्थानहरुमा सार्वजनिक विदा दिने ।

१४. परराष्ट्र मन्त्रालय— बेल्ट एण्ड रोड सम्वन्धी समझदारीपत्रको कार्यान्वयन समिति गठन गर्ने ।

१५. परराष्ट्र मन्त्रालय— केन्द्रीय हज समितिका अध्यक्षलाई विशेष राहदानी उपलब्ध गराउने ।

१६. परराष्ट्र मन्त्रालय— उच्चस्तरीय परराष्ट्र नीति पुनरावलोकन कार्यदलको संयोजन मा. उप प्रधानमन्त्री तथा परराष्ट्र मन्त्रीले गर्ने ।

१७. परराष्ट्र मन्त्रालय— नेपाल र जनवादी गणतन्त्र चीनवीच द्विपक्षीय परामर्श संयन्त्र बैठकको आयोजना गर्ने।

१८. परराष्ट्र मन्त्रालय— नेपाल र बुल्गेरियाका परराष्ट्र मन्त्रालयबीच द्विपक्षीय परामर्श संयन्त्र स्थापना गर्ने।

१९. परराष्ट्र मन्त्रालय— डेनाली पास, अलास्कामा मृत्यु भएका सन्जय पण्डितको शव नेपाल ल्याउने खर्च व्यहोर्ने ।

२०. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— International Training Program on Road Maintenance in South-East Asia अन्तर्गत थाइलैण्ड, भियतनाम र कम्बोडियाको अध्ययन भ्रमणमा सहभागी हुन जान स्वीकृति दिने ।

२१. रक्षा मन्त्रालय— नेपाली सेनाका प्रधान सेनापति राजेन्द्र क्षत्री समेतको भ्रमण दललाई अमेरिका भ्रमणमा जान स्वीकृति दिने ।

२२. रक्षा मन्त्रालय— प्रमुख सेनानी रबिन्द्र खत्री समेत ३ जना प्रमुख सेनानीहरुलाई महासेनानी दर्जामा पदोन्नति गर्ने ।

२३. रक्षा मन्त्रालय— महासेनानीद्वय विनय विक्रम राणा र मिनध्वज खड्काको पदावधि थप गर्ने ।

२४. रक्षा मन्त्रालय— महासेनानी शरद ढकाल समेत ३ जना महासेनानीहरुको पदावधि थप गर्ने ।

२५. रक्षा मन्त्रालय— सहायक रथी समीर शाहीलाई उपरथी दर्जामा पदोन्नति गर्ने ।

२६. रक्षा मन्त्रालय— काठमाण्डौ-तराई/मधेश द्रुतमार्ग सडक आयोजना सञ्चालन कार्यविधि-२०७४ स्वीकृत गर्ने ।

२७. रक्षा मन्त्रालय— प्राविधिक महा सेनानी डा.देवेन्द्र बहादुर खत्री समेत ३ जनालाई पदोन्नति गर्ने ।

२८. रक्षा मन्त्रालय— दोस्रो चरणको स्थानीय तहको निर्वाचन सम्पन्न नभएसम्म नेपाली सेना परिचालन गर्ने स्वीकृतिका लागि संविधानको धारा ६६ को उपधारा (२) बमोजिम सम्माननीय प्रधानमन्त्री मार्फत सम्माननीय राष्ट्रपतिज्यूसमक्ष सिफारिश गर्ने ।

२९. वन तथा भू-संरक्षण मन्त्रालय— निजामती कर्मचारी आवासीय विद्यालय निर्माणका लागि वन क्षेत्रको जग्गा प्रयोग गर्न दिने ।

३०. शिक्षा मन्त्रालय— विद्यार्थी वित्तीय सहयोग कोष विकास समितिको कार्यकारी निर्देशक पदमा दिवाकर ढुङ्गेललाई नियुक्त गर्ने ।

३१. सामान्य प्रशासन मन्त्रालय— सर्वोच्च अदालतको दरवन्दी र सङ्गठन संरचना स्वीकृति गर्ने ।

३२. सूचना तथा सञ्चार मन्त्रालय— चीनको संघाईमा आयोजना हुने GSMA Mobile World Congress, Shanghai-2017 मा भाग लिन सूचना तथा सञ्चार मन्त्रालयका सचिव महेन्द्रमान गुरुङ्गलाई स्वीकृति दिने ।

३३. नेपाल स्वास्थ्य सेवाको बाह्रौं तहका डा. किरण रेग्मीलाई राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा बढुवा गरी स्वास्थ्य मन्त्रालयको सचिव पदमा पदस्थापन गर्ने ।

३४. बढुवा सिफारिसअनुसार देहायका एघारौं तहका अधिकृतहरूलाई स्वास्थ्य सेवाको अधिकृत बाह्रौं तहको पदमा डा. दिनेश श्रेष्ठ, डा. पुष्पा चौधरी र डा. विनोदमान श्रेष्ठलाई बढुवा गरी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय वा अन्तर्गत पदस्थापन गर्ने ।

३५. अर्थ मन्त्रालयका सचिव (राजश्व) श्री राजन खनाललाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको सचिव पदमा सरूवा गर्ने ।

३६. सुदूरपश्चिमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय, दिपायलको क्षेत्रीय प्रशासक शिशिरकुमार ढुंगानालाई अर्थ मन्त्रालयको सचिव (राजस्व) पदमा सरूवा गर्ने ।

३७. निर्वाचन आयोगका सचिव गोपिनाथ मैनालीको पदाधिकार क्षेत्रीय प्रशासक, सुदूरपश्चिमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय, दिपायलमा रहने गरी निजलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा काजमा राख्ने ।

३८. सामान्य प्रशासन मन्त्रालयका सहसचिव महेश्वर न्यौपानेलाई अर्को व्यवस्था नभएसम्म निमित्त सचिव भई कामकाज गर्न निर्वाचन आयोगमा पठाउने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।

२०७४ साल असार १ गते बिहिबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— क्यानडाको The Personnel Selection Center of Public Service Commission मा Assessment Center Methodology (ACM) का विधिहरुलाई परीक्षणका औजारहरुको रुपमा प्रयोगमा ल्याउने तथा कार्यन्वयन प्रकृया सम्बन्धी अध्ययन भ्रमण कार्यक्रममा सहभागी हुन लोक सेवा आयोगका माननीय सदस्यहरु श्री विन्द्रा हाडा भट्टराई, डा. गोविन्द प्रसाद कुसुम, श्री अशोक कुमार झा, श्री ब्रम्हदेव राय, श्री कृष्ण चन्द्र झा तथा आयोगका सचिव श्री मधुप्रसाद रेग्मीलाई सहभागी हुन स्वीकृति दिने ।

२. अर्थ मन्त्रालय— लोक सेवा आयोगबाट सिफारिस भएका श्री पदमराज पौडेललाई नेपाल लेखापरीक्षण सेवा, राजपत्रांकित प्रथम श्रेणी, नायब महालेखा परीक्षक पदमा नियुक्ति गर्ने।

३. गृह मन्त्रालय— दोश्रो चरणमा परेका प्रदेशहरूमध्ये प्रदेश नं. २ को स्थानीय तहको निर्वाचनका लागि पूर्वनिर्धारित मिति २०७४/०३/१४ को सट्टा मिति २०७४/०६/०२ गते निर्वाचन सम्पन्न गर्नेगरी निर्वाचन मिति तोक्ने।

४. सामान्य प्रशासन मन्त्रालय— लोक सेवा आयोगबाट सिफारिश भएका श्री नारायणप्रसाद रेग्मीसमेत ६ जनालाई नेपाल प्रशासन सेवा, रा.प.प्रथम श्रेणी सहसचिव पदमा नियुक्ति दिई सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा पदस्थापन गर्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।